सिम्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल


प.सं. : २०७९/०८० (प्रशासन)
च.नं. :

**सहिद स्मृति भत्ता विवरण र घाईते अपाङ्गता भएका व्यक्तिले निवेदन पेश गर्ने सम्बन्धी सूचना।**
**प्रकाशित मिति: २०७९।०९।१४**

प्रस्तुत विषयमा जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका सहिद वा वेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता र जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलन क्रममा घाईते अपाङ्गता भएका व्यक्तिहरुको लागि जीवन निर्वाह भत्ता प्रदान गर्न नेपाल सरकार गृह मन्त्रालय / जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा मन्त्रालयबाट सहजिकरणका लागि जिल्लागत रुपमा तयार गरिएको मृतक तथा बेपत्ता भएका व्यक्तिहरुको नामावली र घाईते अपाङ्गता भएका व्यक्तिहरुको नामावली प्राप्त भएकोले सहिद वा वेपत्ताका हकवाला र घाईते अपाङ्गता भएका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले तिस दिन (३०) भित्र तपसीलका कागजात सहित यस सिम्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसील

**१. जीवन निर्वाह भत्ताको लागि**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- बैंक खाता नम्बर खुल्ने कागजात।
- श्रेणी खुलेको अपाङ्गताको प्रमाणपत्रको प्रतिलिपि

**२. सहिद स्मृति भत्ताको लागि**

- हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- हकवाला प्रमाणित कागजपत्र
- बैंक खाता नम्बर खुल्ने कागजात

२०७९।०९।१४
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत